नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९  स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक २०६  २०७७ साल चैत ४ गते बुधबार (17 Mar. 2021 Wednesday)  मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्वन्धलाई खलल पार्ने नियतले भुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : माध्यमिकी यात्रा महोत्तरी ... ३ पृष्ठमा : पार्टी एकताको पक्षमा ... ३ पृष्ठमा :अमेरिका-दक्षिण कोरियाको ...

# प्रधानमन्त्रीले पदबाट राजिनामा दिएर मुलुकलाई संकटबाट निकास दिनुपर्छ : काँग्रेस नेता सिटौला




**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**

नेपाली काँग्रेसका केन्द्रिय सदस्य कृष्णप्रसाद सिटौलाले प्रधानमन्त्री केपी शर्मा ओलीले देश र संविधानलाई जोखिममा पारेकाले नैतिकताको आधारमा पदबाट राजिनामा दिएर मुलुकलाई संकटबाट निकास दिनुपर्ने सुझाव दिएका छन् ।

प्रेस युनियन सप्तरीले मंगलबार राजविराजमा आयोजना गरेको त्रपकार सम्मेलनमा बोल्दै उनले प्रधानमन्त्रीलाई उक्त सुझाव दिएका हुन् ।

मुलुकको राजनीति निकै तरल अवस्थामा रहेको बताउँदै नेता सिटौलाले अहिले सबै मिलेर ओलीलाई सत्ताबाट बाहिर ल्याई मुलुकलाई संकटबाट जोगाउनु नै पहिलो प्राथमिकता भएको उल्लेख गरे ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेर संसदीय प्रणाली बिरुद्ध कदम चालेकाले उनीसँग सहकार्य नहुने स्पष्ट समेत नेता सिटौलाले पारे ।

अबको सरकारको नेतृत्व काँग्रेसले लिनु पर्ने देशको आवश्यकता रहेको उल्लेख गर्दै माओवादी केन्द्र र जनता समाजवादी पार्टीसँग मिलेर काँग्रेसले सरकारको नेतृत्व गर्ने गरि निरन्तर छलफल र सम्वाद भइरहेको र चाडै परिणाम आउने उनको भनाई छ ।

उनले आफ्नो पार्टी भित्र पनि अबको संयुक्त सरकारको नेतृत्व शेर बहादुर देउवाले नै लिनु पर्ने धारणा बनेको भन्दै देशलाई जोगाउन, संबैधानिक संकट हटाउन र लोकतान्त्रिक व्यवस्थाको रक्षा गर्न पनि वैकल्पिक शक्तिको रुपमा काँग्रेसले नेतृत्व लिनु पर्ने मुलुकको आवश्यकता रहेको बताए । एक अर्को प्रसङ्गमा उनले आगामी भदौं महिनामा हुने तय भएको पार्टीको महाधिवेशन बटम लाइन भएकाले कुनै पनि बहानामा त्यसलाई सार्न नहुने र तोकिएकै समयमा अधिवेशन सम्पन्न हुनुपर्ने धारणा राखे ।

# ७ महिनामा ५ खर्ब ६७ अर्ब रेमिट्यान्स भित्रियो

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ चैत ।**

चालु आर्थिक वर्षको सात महिनामा देशमा ५ खर्ब ६७ अर्ब ७० करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक स्थितिको प्रतिवेदनले रेमिट्यान्स आप्रवाह १०.९ प्रतिशतले वृद्धि भएको देखाएको हो । जबकी गत वर्ष यस अवधिमा विप्रेषण आप्रवाह ०.७ प्रतिशतले घटेको थियो ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह ६.७ प्रतिशतले वृद्धि भई ४ अर्ब ८१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ०.५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति ( संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या ७५.९ प्रतिशतले घटेको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

# बलात्कारको झुटो आरोप लगाउने महिलालाई तीन वर्ष ६ महिना कैद

वीरेन्द्रनगर, ३ चैत (रासस) ।

बलात्कारको झुटो आरोप लगाउने वीरेन्द्रनगरकी ३७ वर्षीया महिलालाई जिल्ला अदालत सुर्खेतले कैद सजायको फैसला गरेको छ । सोमबार जिल्ला न्यायाधीश डा राजेन्द्रकुमार आचार्यको एकल इजालसले ती महिलालाई तीन वर्ष छ महिनाको कैद सजाय गर्ने फैसला गरेको हो ।

वीरेन्द्रनगर नगरपालिकाको लेखा शाखामा कार्यरत खेमराज शर्माले आफूलाई होटलमा बोलाएर बलात्कार गरेको भन्दै

***बाँकी अन्तिम पृष्ठमा***

# सप्तरी प्रिमियर लिगको तेश्रो संस्करण ८ गतेदेखी



**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**

सप्तरी प्रिमियर लिग मेयर कप (एसपीएल) तेश्रो संस्करण चैत ८ गतेदेखि सप्तरीको राजविराजमा सुरु हुने भएको छ ।

राजविराज नगरपालिकाको सहयोगमा आयोजना हुने प्रतियोगिताको आयोजना सप्तरी क्रिकेट संघले गर्दै आएको छ ।

प्रतियोगितामा ४ वटा फ्रेन्चाइज् टिमहरु सहभागी हुनेछन् जसमा रुपनी राइडर्स, तिलाठी कोइलाडी, बजाज खडक वारियर्स, टिभिएस किंगस राजबिराज रहेका छन् ।

सो प्रतियोगिताको लागि ४ वटै टोलीले मारकी र एक जना स्थानिय मारकी छनौट गरिसकेको अध्यक्ष श्रेष्ठले बताए ।

जसमा तिलाठी कोईलाडीका लागि नेपाली क्रिकेट टोलीका उपकप्तान दिपेन सिँह ऐरी, त्यस्तै रूपनी राईडर्सका राष्ट्रिय टोलिका सदस्य कुशल भुर्तेल, टिभिएसमा राष्ट्रिय किर्तिमानी खेलाडी महबुव आलम, बजाज खडक वरियर्स तर्फ नेपाल क्रिकेट टोलीका राष्ट्रिय खेलाडी पवन सराफ मारकी र बोदेबरसाईन थ्रंडर्सको मारकीमा सिधानद लोहनी रहेको छनोट गरिएको सप्तरी क्रिकेट सँघका सचिव चन्दनकुमार यादबले जानकारी दिए ।

यसैगरी स्थानिय प्रतिभान खेलाडीहरूमा तिलाठीमा आशिष झा, रूपनीमा अनोज यादब, बजाजमा बिवेक यादब, टिभिएसमा

***बाँकी दुई पृष्ठमा***



# थपिए ११४ संक्रमित

काठमाडौं, ३ चैत (रासस)।

देशभरमा मंगलबार ११४ जना सक्रिय संक्रमित थपिएका छन्। पछिल्लो २४ घण्टामा ९४ जना संक्रमण मुक्त भएका छन्।

मंगलबार संक्रमणमुक्त भएका ९४ समेत गरी दुई लाख ७१ हजार ४९५ संक्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ। मंगलबारसम्म निको हुने दर ९८ दशमलव छ प्रतिशत रहेको छ। योसँगै जम्मा संक्रमितको संख्या दुई लाख ७५ हजार ४२४ पुगेको छ।

काठमाडौँमा ३४ नयाँ संक्रमित फेला परेका छन्। पछिल्लो २४ घण्टामा देशभरका प्रयोगशालामा गरी दुई हजार ७९० नमूना परीक्षण भएको थियो। हालसम्म २२ लाख २१ हजार ५१२ नमूना परीक्षण भइसकेको छ। प्रति १० लाख जनसंख्यामा ७६ हजार २४४ परीक्षण भएको बताइएको छ।

कोभिड-१९ कारण हालसम्म देशभरका तीन हजार १४ को मृत्यु भइसकेको छ। पछिल्लो २४ घण्टामा भने कोभिडका कारण कसैले पनि ज्यान गुमाएका छैनन्। हाल क्वारेन्टाइनमा रहेकाको संख्या ५१ रहेको बताइएको छ। सरकारले देशभरमा हाल कोभिडविरुद्धको खोप लगाइरहेको छ। मंगलबारसम्म खोप लगाउनेको संख्या १६ लाख पाँच हजार ७०६ रहेको छ।

# लहानमा बिस्फोट गराएको आरोपमा एक पक्राउ

लहान, २ चैत (रासस)।

कर्मचारीसहित आठ घाइते हुने गरी सिरहाको लहानस्थित मालपोत कार्यालयमा भएको बम विस्फोटमा संलग्न रहेको आरोपमा सोमबार साँझ सशस्त्र प्रहरीको टोली एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा लहान नगरपालिका-१८ भदैयाका २८ वर्षीय बलराम मण्डल रहेका छन्। मालपोत कार्यालयमा जडान गरिएको सिसिटिभी क्यामेराको आधारमा मण्डलकै संलग्नता रहेको गोप्य सूचनाका आधारमा सशस्त्र प्रहरी बेश क्याम्प सुखीपुरबाट खटिएको टोलीले सुखीपुर नगरपालिका-२ विद्यानगरबाट मण्डललाई पक्राउ गरिएको सिरहाका सशस्त्र प्रहरी उपरीक्षक दीपेन्द्र

*बाँकी तीन पृष्ठमा*

# माध्यमिकी यात्रा महोत्तरी प्रवेश

महोत्तरी, ३ चैत (रासस)।

मिथिला माध्यमिकी यात्राका सहभागी मंगलबार चौथो दिन महोत्तरी जिल्ला प्रवेश गरेका छन्। तेस्रो दिन भारतको बिहार राज्यमा पर्ने मधुवनी जिल्लाको गिरिजास्थानमा रात्रिविश्राम गरेका यात्री मंगलबार चौथो दिन एकाबिहानैदेखि महोत्तरीको भारतीय सीमावर्ती मटिहानी आइपुग्ने क्रम शुरु भएको हो। यसअघि गत शनिबार धनुषाको ठेराकचुरीबाट यात्रा शुरु गरेका माध्यमिकी परिक्रमाका यात्रीले क्रमशः धनुषाको हनुमानगढी, भारतको मधुवनी जिल्लामा पर्ने कल्याणेश्वर र गिरिजास्थानमा पहिलो, दोस्रो र तेस्रो दिनको रात्रिविश्राम गरिसकेका छन्।

गिरिजास्थानबाट सीमावर्ती भारतीय बजार मधवापुर हुँदै दशगजा (नेपाल-भारत सीमा) कटेर नेपालको महोत्तरी जिल्लाको मटिहानी प्रवेश गरेका यात्रीलाई मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डल, जिल्लाका प्रमुख जिल्ला अधिकारी तीर्थराज भट्टराई, महोत्तरी उद्योग वाणिज्य सङ्घका पदाधिकारी र मटिहानी नगरवासीले हार्दिक स्वागत गरेका छन्। अहिले गिरिजास्थानबाट मटिहानीसम्म १५ दिने धार्मिक यात्राका सहभागीको अटुट पङ्क्ति देखिएको छ।

आरोग्यता, कल्याण र मोक्ष कामनाका साथ गरिने मिथिला माध्यमिकी परिक्रमा यात्राका सहभागी मंगलबार चौथो दिन मटिहानीमै रात्रिबास गर्नेछन्। विश्रामस्थलमा श्रीराम र जानकीजीको डोला (प्रतिमा राखिएको डोली) आइपुगेपछि वरिपरिका भक्तालुले दर्शन गर्ने र विश्रामस्थलमा भजनकीर्तनसहित धार्मिक मेला आयोजना हुने परम्परा छ। यात्रीहरूको भोजन, आवास, खानेपानी, प्राथमिक उपचार र आइपर्ने अन्य कुनै कामका लागि स्वयंसेवकसहितको आवश्यक प्रबन्ध रहेको मटिहानी नगरप्रमुख मण्डलको भनाइ छ।

यात्राको चौथो दिन मटिहानी आइपुगेका यात्री अब आठौं दिनसम्म महोत्तरीमा रहने छन्। चौथो दिन मटिहानी, पाँचौ दिन जलेश्वर, छैटौं दिन मडै, सातौं दिन ध्रुवकुण्ड र आठौं दिन कञ्चनवनको रात्रिविश्रामपछि यात्री फेरि धनुषा जिल्ला प्रवेश गर्नेछन्। नेपाल र भारतको गरी जम्मा १३३ किलोमिटरको यो यात्रामा महोत्तरीमा २५ किलोमिटरको यात्रा गरिन्छ।

अघि त्रेतायुगमा श्रीराम र सीताजीले विवाहपश्चात मिथिलाका विभिन्न ठाउँमा घुम्दै विहार गरेका सम्झनामा मिथिला माध्यमिकी परिक्रमाको परम्परा अठारौं शताब्दीमा शुरु भएको मिथिला संस्कृति र परम्पराका जानकार बताउँछन्। रामसीताका पदचाप पछ्याउँदै उहाँहरूकै प्रतिमा राखिएका डोली अगाडि लगाएर गरिने यो यात्रा दैहिक नभएर पारलौकिक भएको साधुसन्तको भनाइ छ। सामलखाजा र एकसरो फेरफारका लुगाको पोको आफैं बोकेर नाङ्गा खुट्टाले गरिने यो यात्राले सांसारिक दुःखकष्टबाट मुक्ति दिने हिन्दू मैथिल जनविश्वास रहेको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका प्राचार्य (प्रधानाध्यापक) ईश्वरीप्रसाद पौडेल बताउनुहुन्छ।

यात्रामा नेपाल र भारतका विभिन्न मठका साधुसन्त र आम श्रद्धालु सर्वसाधारणको सहभागिता रहँदै आएको छ। यात्राको बृहत्तर जनकपुर क्षेत्र विकास कोष र धार्मिक मठहरूले संयोजन तथा समन्वय गर्दै आएका छन्। फागुन औँशीबाट शुरु भई फागुन पूर्णिमाका दिन जनकपुरधामको अन्तरगृह परिक्रमा गरी सम्पन्न गरिने मिथिला माध्यमिकी परिक्रमालाई मिथिलाको महाकुम्भ पनि भनिन्छ। यस यात्रामा धनुषामा छ, महोत्तरीमा पाँच र भारतको मधुवनी जिल्लामा चार रात्रिविश्रामस्थलको परम्परा रहँदै आएको छ।

# बेपत्ता झा दम्पतीबारे महोत्तरी प्रहरीलाई तनाव

जलेश्वर, ३ चैत (रासस)।

घरमै सुतिरहेको अवस्थामा ओछ्यानसहित महोत्तरीको पिपरा गाउँपालिका-५ का एक झा दम्पती विगत २२ दिनदेखि बेपत्ता छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यका अनुसार स्थानीय ६५ वर्षीय मोसाफिर झा र उनकी पत्नी ६० वर्षीया गीतादेवी सुतिरहेकै अवस्थामा फागुन १० गते राति घरैबाट अज्ञात समूहले ओछ्यानसहित बेपत्ता पारेकोमा अहिलेसम्म उनीहरूको अवस्था अज्ञात छ।

उनको घर र चौकसमा रगतका छिट्टा देखिएकाले घटना रहस्यमय भएको भन्दै प्रहरीले फागुन ११ गते मङ्गलबार बिहानैदेखि वृद्ध दम्पतीको व्यापकरुपमा खोजतलास गरिरहेको तर मंगलबार २२ औं दिन बितिरहँदा वृद्ध दम्पतीको खोजीमा जिल्ला प्रहरी, प्रदेश प्रहरी र विभिन्न गोप्य सुराकी लगाई सकिएको अवस्थामा पनि उनीहरूको कुनै अत्तोपत्तो लागेको छैन।

प्रहरीले उनको गाउँको चारैतिरको वन चौर, झाडी, खोला नाला, पोखरी र छिमेकी गाउँ तथा जिल्लाको विभिन्न स्थानसहित छिमेकी जिल्ला धनुषासमेत विभिन्न स्थानमा व्यापकरुपमा उनीहरूको खोजतलाश गरिसकेको छ। वृद्ध दम्पती नभेटेपछि घटना झन् झन् जटिल बन्दै गइरहेको छ। चौबीस घण्टा प्रहरी विभिन्न समूहले झा दम्पतीको घरको चौकीदारी गरिरहेका छन्। प्रहर नभनी उनको खोजीका लागि प्रहरी भौंतारिरहेका छन्।

मोही जग्गासम्बन्धी मुद्दामा साक्षी गवाही रहेको कारण उनीहरूको हत्या गरी शव बेपत्ता पारिएको स्थानीय बासिन्दाहरूले आँकलन गरिरहेका छन्। प्रहरीले उनीहरूको अवस्थाबारे अनुसन्धानका लागि अहिलेसम्म करीब चार दर्जन व्यक्तिलाई ल्याइसकेको र आवश्यक सोधपुछ गरिसक्दा पनि वृद्ध दम्पतीबारे कुनै सुराकी नलागेको प्रहरीको भनाइ छ।

यता अझै पनि जिल्ला प्रहरी र मातहतका प्रहरी एकाइ र प्रदेश प्रहरीबाट बेपत्ता वृद्ध दम्पतीको खोजतलाश व्यापकरुपमा भइरहेको भने घटनाबारे थप अनुसन्धानसमेत भइरहेको प्रहरीले जनाएको छ। यता परिवारजन र गाउँले छिमेकी विगत १८ दिनदेखि जिल्ला प्रशासन कार्यालय अगाडि धर्नासमेत दिँदै आएका छन्। प्रदेशको अस्थायी राजधानी जनकपुर तथा देशको राजधानी काठमाडौँको माइतीघरमण्डलामा झा दम्पतीको खोजीको माग गर्दै प्रदर्शनसमेत गरिसकेको छ।

पीडित परिवार र बाह्मण समाजले जनकपुरमा रिले अनशन पनि गरिरहेको अवस्था छ। यसले पनि कुनै परिणाम नल्याए आमरण अनशन र अन्य चर्को आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन्। घरका अभिभावक दम्पती नै बेपत्ता हुँदा झा दम्पतीको घरमा चुलो बल्न छाडेको छ भने परिवारजन गहिरो चिन्तामा परेका छन्।

### *सप्तरी प्रिमियर ...*

रोहित सिँहलाई चयन गरिएको छ।

यता बुधवार बिहान ११ बजेदेखि राजविराजमा खेलाडी छनोट खरिद बिक्री (अक्सन) हुने सो अक्सनको प्रत्यक्ष प्रशारण ऐरिना टिभिबाट प्रशारण गरिने छ।

अघिल्लो संस्करण मा डाक्नेश्वरी ड्रागनले रुपनी राइडर्सलाई २ विकेटले पराजित गर्दै उपाधि जितेको थिए यसपाली डाक्नेश्वरीले सहभागिता जनाएको छैन।

प्रतियोगिताको मिति घोषणा गरेपछि बोल्दै सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले भने यो पटक प्रतियोगिता बिगतको संस्करण भन्दा स्तरीय हुने बताए।

यो पटक लिगमा राष्ट्रिय खेलाडीहरुको संख्या बढ्ने बताउदै श्रेष्ठले एउटा टिमले अन्तिम-११ मा ५ जना जिल्ला बाहिरका खेलाडीहरु समाबेश गर्न पाउने पनि जानकारी गराए।

लिगको अघिल्लो संस्करण स्थानीय खेलाडी मेहबुब आलम सहित राष्ट्रिय क्रिकेटरहरु सुनिल धमला, मन्जित श्रेष्ठ, राजेश पुलामी, नन्दन यादव, प्रेम तामाङ्ग, हसिम अन्सारी, पुष्प थापा, अविनाश कर्ण, हरिशंकर शाह जस्ता राष्ट्रिय खेलाडीहरु लिगमा बिभिन्न टिममा आवद्ध रहेका थिए।

श्रेष्ठका अनुसार प्रतियोगिताको खेलहरु पहिलो पटक राजरंगशालामा खेलिनेछ जहाँ दर्शकहरुले खेल हेर्न टिकट काट्नुपर्ने छ। यस अघि प्रतियोगिता पबिमाविको खेल मैदानमा आयोजना हुँदै आएको थियो।

सो प्रतियागितामा बिजेतालाई ३ लाख र उपबिजेता ले १ लाख ५० हजार पुरस्कार राखिएको छ।

## राजविराज नगरपालिका
## १ नं. वडा कार्यालय
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

**मिति : २०७७/१२/३**

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. १० हाल वडा नं. १ बस्ने **इसुफ मियाँ** समेतले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७७/१२/३ गतेमा द.न. १०४४ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. १० हाल १ बस्ने श्री सवुद मियाँ नाउँ दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ९ | ६३३ | ०-२-९ १/२ |
| " | " | ९ | ६४७ | ०-३-८ |
| " | " | ९ | ६३८ | ०-०-१६ |
| " | " | ९ | ५२ | ०-५-४ |
| " | " | ९ | ११४ | ०-२-१४ |
| " | " | ९ | ६४३ | ०-३-७ |
| " | दिघवा | ३ | १९४ | ०-१-१२ |
| " | " | ३ | १९७ | ०-०-१८ १/२ |

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पार्टी एकताको पक्षमा रहन प्रधानमन्त्रीको आग्रह

काठमाडौँ, ३ चैत (रासस)।

प्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीका नाममा कुनै पनि गुटगत भेला नगर्न/नगराउन सबैलाई आग्रह गर्नुभएको छ।

पार्टीका केन्द्रीय सदस्य तथा सांसदहरूका लागि प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार आयोजना गरिएको चियापान समारोहमा उहाँले कुनै पनि गुटगत भेलामा सहभागी नभई पार्टी एकताका पक्षमा रहन सबैलाई आग्रह गर्नुभयो।

"एमाले आबद्ध कोही पनि नेता वा कार्यकर्तालाई भोलिको गुटगत भेला नगराउन/नगर्न, त्यस्तो भेलामा सरिक नहुन, नजान र सहभागी नबन्न म सबै नेता कार्यकर्तालाई सचेत गराउन चाहन्छु", उहाँले भन्नुभयो, "सबैलाई पार्टी एकताका पक्षमा बस्न आग्रह गर्न चाहन्छु।"

पार्टी २०५३ जेठ ३ गते भन्दा अगाडिको स्थितिमा फर्के पनि केही साथीहरू छुट्टै भेला बैठक गरेर निहुँ खोजिरहेको उहाँले बताउनुभयो।

पार्टी अध्यक्ष ओलीले एउटै पार्टीभित्र अराजकता, अनुशासनहिनता, पार्टीको विधि विधान विपरीत काम र एकता विरोधी क्रियाकलाप गर्न छुट नभएको धारणा राख्नुभयो। "पार्टीलाई पार्टीको रूपमा चल्न नदिने, जहिले पनि भाँडभैलो मच्चाउने, यो हुन सक्दैन", उहाँले भन्नुभयो, "पार्टीमा हामी सवैले आआफ्ना हिसावले एकतावद्ध, विचारमा केन्द्रीत भएर काम गर्नुपर्दछ।"

बुधबार र विहिबार काठमाडौमा पार्टीका बरिष्ठ नेता माधवकुमार नेपाल पक्षले राष्ट्रिय कार्यकर्ता भेला आयोजना गर्दैछन्।

एक थरी पार्टीका साथीहरूले चियापान नदेखेको भन्दै उहाँले भन्नुभयो, "पार्टी अध्यक्षको निमन्त्रणामा चियापानमा नजाने पार्टीका साथीहरू कस्को निमन्त्रणमा जानुहुन्छ त ?" उहाँले पार्टी अध्यक्षले बोलाएको चियापानमा सहभागी नहुनु राम्रो लक्षण नभएको स्पष्ट पार्दै भोलिको भेला स्थगित गर्ने केही समय बाँकी रहेकोले स्थगन गर्न आग्रह गर्नुभयो। "अझ केही समय वाँकी छ। भोलिको भेला गर्नुहुन्छ कि हुँदैन उहाँहरूले," प्रधानमन्त्री ओलीले भन्नुभयो, "भोलिको भेलामा कति तमासा गर्नुहुन्छ। एक नजर त्यता राखिनेछ।"

उहाँले कसैले पार्टीलाई धम्क्याएर ठेगान लगाउँछु भन्ने सोचेको भए त्यस्तो नसोच्न समेत आग्रह गर्नुभयो। उहाँले सत्यसँग नलड्ने र निहुँ खोज्नेसँग नझुक्ने समेत स्पष्ट पार्नुभयो।

प्रधानमन्त्री ओलीले एमालेमा रहेका नेता तथा कार्यकतालाई अन्याय नगर्नेसमेत बताउनुभयो। "पार्टीमा कसैमाथि पनि अन्याय हुँदैन। ठूला ठूला अपराध भएका छन् तर पनि एउटा फराकिलो हृदय लिएका छौँ", उहाँले भन्नुभयो, "एकदम अपराध गर्नेलाई पनि स्वागत छ भनेर म भन्दिनँ। तर सच्चिएर आउनेलाई पार्टीमा काम गर्नका लागि स्वीकार छौं।"

उहाँले संसद् देश र जनताको हितमा काम गर्ने थलोका रूपमा भए पनि काम गर्न नपाएको धारणा राख्नुभयो। "संसद्लाई स्वार्थको खिचातानीको थलो होइन, दलीय र गुटगतको थलो होइन, देश र जनताको हित तथा विकासको काम गर्ने थलो बनाऔँ", उहाँले भन्नुभयो, "तर संसद्लाई त्यसरी चलाइएको र चलाउन दिइएको छैन।" चियापानमा एमालेका केन्द्रीय सदस्य तथा सांसद उपस्थित भएका थिए। चियापानमा वरिष्ठ नेता नेपाल पक्ष भने सहभागी भएन।

### *लहानमा बिस्फोट ...*

गिरीले जानकारी दिनुभयो।

मण्डललाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सिरहामा बुझाइने उहाँले बताउनुभयो। सो बिस्फोटन गराउने जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) का कार्यकता रहेको प्रहरीले जनाएको छ। हिजो दिउँसो १ बजे भएको शक्तिशाली बम विस्फोटमा परी मालपोत कार्यालयका कर्मचारी नायब सुब्बा शिवकुमार यादवसहित आठ जना घाइते भएका थिए।

सो घटनाको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) जयकृष्ण गोइत समूहले लिएको थियो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### अमेरिका-दक्षिण कोरियाको सैन्य अभ्यासप्रति उत्तरको आपत्ति

प्योङयाङ, ३ चैत (रासस/सिन्ह्वा)।

उत्तर कोरियाले सोमबार दक्षिण कोरिया र अमेरिकाको संयुक्त सैन्य अभ्यासलाई लिएर कडा शब्दमा भर्त्सना गरेको छ। उत्तर कोरियाको सरकारी सञ्चारमाध्यम सेन्ट्रल न्यूज एजेन्सीका अनुसार उत्तर कोरियाले सम्भावित सैन्य प्रतिकारको चेतावनी दिएको छ।

उत्तर कोरियाली वर्कर्स पार्टीकी उपनिर्देशक किम यो जोङले एक विज्ञप्ति जारी गर्दै वार्ता र संवादको साटो दक्षिण कोरियाको आक्रामक सैन्य नीतिले दुबै देशबीचको शान्तिपूर्ण पुनर्मिलन समितिको बैठकलाई प्रभावित गर्न सक्ने बताउनु भएको छ।

उहाँले कुम्गान्सान अन्तरराष्ट्रिय पर्यटन ब्युरो र त्यससँग सम्बन्धित अन्य संस्था विघटन गर्ने बारेमा विचार गर्दैछौं भन्नु भएको छ।

उहाँले दक्षिण कोरियाको भावी दृष्टिकोण र कार्यको पनि समीक्षा गर्न लागेको बताउँदै दक्षिण कोरिया र अमेरिकाले अरु आक्रामक रणनीति बनाए आफूहरु उत्तर-दक्षिण सैन्य सम्झौतालाई नै खारेज गर्ने स्थितिमा पुग्ने चेतावनी दिनुभयो।

उपनिर्देशक किमले अमेरिकी प्रशासनले उत्तर कोरियाको भावना विपरीत सैन्य सुदृढीकरणलाई मात्र जोड दिए उत्तर कोरिया पनि आफ्नो पक्ष बलियो बनाउनेतर्फ काय गर्ने स्पष्ट गर्नुभयो। उहाँले उत्तर र दक्षिण कोरियाली जनताको शान्तिको चाहनालाई बेवास्ता नगर्न पनि अमेरिकी प्रशासनलाई आग्रह गर्नुभयो।

### म्यान्मारको विरोध प्रदर्शनमा कम्तीमा १३८ जनाको मृत्यु

न्यापिटअ, ३ चैत (रासस/एएनआई)।

म्यान्मारमा सेनाले गत फेब्रुअरी १ मा सत्ता लिएपश्चात् त्यसको विरोधमा उत्रिएका प्रदर्शनकारीमाथि सेनाले चलाएको गोली लागेर सोमबारसम्म कम्तीमा १३८ जनाको मृत्यु भएको राष्ट्रसङ्घले जनाएको छ।

राष्ट्रसङ्घ महासचिवका प्रवक्ता स्टिफेन डुजारिकले गर्नुभएको नियमित पत्रकार सम्मेलनमा सेनाको गोली लागेर आइतबार एकै दिन ३८ जनाको मृत्यु भएको जानकारी दिनुभयो।

उहाँले यी हत्याकाण्ड याङ्गुनको हाइलाङ थायेर क्षेत्रमा भएको पनि राष्ट्रसङ्घीय मानवअधिकारी कार्यालयको भनाइ उद्धृत गर्दै बताउनुभयो। म्यान्मारमा शनिबार पनि १८ जनाको ज्यान गएको थियो।

उहाँले भन्नुभयो, "राष्ट्रसङ्घ महासचिवले शान्तिपूर्ण प्रदर्शनमा सहभागीमाथि भएको यस किसिमको हिंसात्मक कारबाही कुनै पनि हालतमा स्वीकार्य छैन। म्यान्मारका जनताको आधारभूत अधिकार निरन्तर उल्लङ्घन भइरहेकामा राष्ट्रसङ्घ निन्दा गर्दछ।"

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले क्षेत्रीय एवं अन्तरराष्ट्रिय समुदायलाई म्यान्मारका जनताको पक्षमा ऐक्यबद्धता जनाउन पनि आग्रह गर्नु भएको छ।

यसैबीच, म्यान्मारको सेनाले ठूलो संख्यामा प्रदर्शनकारी मारिएपछि याङ्गुनका विभिन्न क्षेत्रमा सैनिक कानुन लगाएको छ। निक्की एसियाका अनुसार यस क्षेत्रमा प्रदर्शनकारीले चिनियाँको स्वामित्वमा रहेका धेरैवटा कारखानामा आगजनी गरिदिएका थिए।

सेनाले गत फेब्रुअरीमा सत्ता आफ्नो हातमा लिएपछि सेना विरुद्ध दिनहुँ प्रदर्शन भइरहेका छन्। सेनाले आङ सान सुकीको निर्वाचित सरकारलाई अपदस्थ गर्नुका साथै संसद्को नयाँ निर्वाचनलाई पनि खारेज गरिदिएको छ।

यसैबीच, जापानको भ्रमणमा रहनुभएका अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिन्केनले म्यान्मारमा सेनाले गरेको ज्यादती निकै भयानक रहेको र त्यो कुनै पनि हालतमा स्वीकार्य नहुने बताउनु भएको छ।

### अस्ट्राजेनिकाको विवाद कायमै, विश्व स्वास्थ्य संगठन भन्छः खोप सुरक्षित छ

जेनेभा, ३ चैत (रासस/एएफपी)।

अक्सफोर्ड र अस्ट्राजेनिकाले संयुक्तरुपमा विकास गरेको कोभिड-१९ विरुद्धको अस्ट्राजेनिका खोपका कारण रगत जमेको भन्ने अपुष्ट विवाद कायमै रहेका बेला विश्व स्वास्थ्य संगठनका विज्ञले खोप सुरक्षित रहेको दाबी गरेका छन्।

कोभिड-१९ ले सङ्कट निम्त्याइरहेको युरोपेली क्षेत्रका कतिपय मुलुकले अस्ट्राजेनिका खोप लगाउन रोकेका छन्। पछिल्लो पटक युरोपका सबैभन्दा ठूला देशहरु जर्मनी, इटाली र फ्रान्सले पनि अस्ट्राजेनिका खोप लगाउन तत्काललाई रोक लगाएका छन्। युरोपकै अन्य कतिपय मुलुकले पनि अस्ट्राजेनिका खोप लगाउन बन्द गरिसकेका छन्। विश्वमा हाल २६ लाखभन्दा बढी मानिसको कोरोनाभाइरसको सङ्क्रमणबाट मृत्यु भइसकेको छ।

यहीबीच विश्व स्वास्थ्य संगठन, अस्ट्राजेनिका कम्पनी र युरोपेली औषधि नियामक निकाय (इएमए)ले अस्ट्राजेनिका खोप सुरक्षित रहेको बताएका छन्। उनीहरुको भनाइमा खोप लगाएका व्यक्तिमा रगत जमेको भन्ने विवरणमा पूर्णसत्यता छैन। विश्व स्वास्थ्य संगठनकी प्रमुख वैज्ञानिक सौम्या स्वामिनाथनले आमजनतालाई नआत्तिन र अस्ट्राजेनिका खोप लगाउने कार्यलाई निरन्तरता दिन आग्रह गर्नु भएको छ।

# स्वच्छता सम्बन्धी तालिमलाई निरन्तरता



**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**

कोरोनाको जोखिमलाई ध्यानमा राख्दै त्यसबाट जोगिन र सचेतना फैलाउने उद्देश्यले कोशी पीडित समाजले सप्तरीको विभिन्न पालिकाहरुमा विगत १० महिनादेखी दिइरहेको स्वच्छता सम्बन्धी तालिमलाई निरन्तरता दिइरहेको छ ।

समाजले सप्तरीको कञ्चनरुप नगरपालिका तथा तिरहुत गाँउपालिकाको विभिन्न वडामा स्वच्छताका लागि व्यवहार परिवर्तन सम्बन्धी तालिमलाई निरन्तरता दिएको हो ।

अक्सफामको साझेदारी तथा युकेएड र युनिलिभरको आर्थिक सहयोगमा संचालित स्वछताका लागि व्यवहार परिवर्तन परियोजना अन्तरगर्त उक्त तालिम संचालन भइरहेको आयोजक संस्थाकोशी पिडित समाजका अध्यक्ष देवनरायण यदवले बताए ।

कंचनरुप नगरपालिकाको वडा नं. १, २ ,४, ५ ७, ९ र १० तथा तिरहुत गाँउपालिकाको वडा नं. १, २, ३, ४ र ५ मा स्थानीय गृहणीहरुको उल्लेख्य सहभागिता रहने गरेको तिरहुत गाँउपालिका २ का वडा अध्यक्ष मोहम्मद करिम शेखले बताए ।

तालिमबाट प्राप्त ज्ञान व्यवहारमा उतार्दै अघि बढेपछि कोरोनाको जोखिम र त्रासबाट मुक्ति मिलेको स्थानीय गृहणी ललिता देवी सदाले बताईन ।

तालिमको माध्यमले सीपसँगै कोरोनाबाट लड्न विभिन्न सुरक्षा सामाग्रि समेत वितरण गर्दै आएको संस्थाले यो तालिम अझ केही दिनसम्म जारी रहने जनाएको छ ।

# राष्ट्र बैंकको प्रतिवेदन : महँगी घट्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ चैत ।**

नेपाल राष्ट्र बैंकको एउटा प्रतिवेदनले देशमा महँगी घटेको देखाएको छ । आम उपभोक्ताको महँगीले ढाड सेकिरहेको बेला राष्ट्र बैंकले भने महँगी घटेको प्रतिवेदन सार्वजनिक गरेको हो ।

मंगलबार नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक स्थिति विषयको मासिक प्रतिवदेनले देशमा महँगी घटेको देखाएको हो ।

राष्ट्र बैंकको प्रतिवेदनलाई आधार मान्ने हो भने अहिले महँगी २.७० प्रतिशतमा झरेको छ । यो माघ मसान्तसम्मको अवस्था हो । जबकी त्यसको एक महिना अघि देशमा ३.५६ प्रतिशत महँगी रहेको प्रतिवेदन राष्ट्र बैंकले सार्वजनिक गरेको थियो । अघिल्लो महिनाको तुलनामा यस अवधिमा महँगी घटेको देखिन्छ ।

माघमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २.७० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.८७ प्रतिशत थियो । खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.०२ प्रतिशत र गैर -खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.४४ प्रतिशत रहेको छ । गतवर्षको यसै अवधिको तुलनामा यो माघमा फलफूल, घ्यू तथा तेल, दाल तथा गेडागुडी र सुर्तिजन्य वस्तुहरु उपसमुहको मूल्यवृद्धि क्रमश: १८.८४ प्रतिशत, १८.१४ प्रतिशत, १०.४१ प्रतिशत र १०.४१ प्रतिशत रहेको छ ।

काठमाडौं उपत्यकामा २.१२ प्रतिशत, तराईमा २.७८ प्रतिशत, पहाडमा ३.३० प्रतिशत र हिमालमा २.०५ प्रतिशत मुद्रास्फीति रहेको छ । यो अघिल्लो वर्षको तुलनामामा क्रमश: ७.५८ प्रतिशत, ७.२९ प्रतिशत, ५.४६ प्रतिशत र ५.२८ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

२०७७ माघमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ६.१२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.१३ प्रतिशत रहेको थियो । समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमश: ८.४१ प्रतिशत, ५.३३ प्रतिशत र ३.३९ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि ६.२५ प्रतिशत रहेको छ ।

## बलात्कारको झुटो ...

ती महिलाले गत असोजमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन् । आफूमाथि बलात्कार भएको भन्दै जाहेरी दिएकी महिलाले नै अदालतमा बयान फेरेपछि अदालतले शर्मालाई सफाइ दिएको हो ।

झुटो जाहेरी दिएर व्यक्तिको मानहानी गरेको ठहर भएपछि जाहेरी दिने महिलालाई तीन वर्ष कैद सजाय तोकिएको जिल्ला अदालत सुर्खेतका स्रेस्तेदार यामप्रसाद बाँस्कोटाले बताउनुभयो । अदालतको फैसलापछि महिलालाई पक्राउ गरेर कारागार चलान गर्न प्रहरीलाई पत्राचारसमेत गरिएको स्रेस्तेदार बाँस्कोटाले जानकारी दिनुभयो ।

## ७ महिनामा ५ ...

अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २१.७ प्रतिशतले बढेको थियो । वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या ६७.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ०.६ प्रतिशतले घटेको थियो । यस्तै सात महिनामा खुद ट्रान्सफर ८.८ प्रतिशतले वृद्धि भई ६ खर्ब २९ अर्ब ८३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १.५ प्रतिशतले घटेको थियो ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*